नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१५(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ७३४

# सूचना

सूचना नं. ३४ (आ.व.०८२/८३)
प्रकाशनः २०८२।०९।०६

सम्वत् २०८२ साल असार २४ गते भोटेकोशी नदीमा आएको बढीबाट रसुवागढीस्थित नेपाल चीन जोड्ने मितेरी पुल क्षति भएकाले तत् पश्चात् उक्त दुई देशीय नाका पूर्ण रुपमा अवरुद्ध रहेको र सडक सम्पर्क विच्छेद भएको विषय विदितै छ। नेपाल सरकार र चिनियाँ सरकारको द्विपक्षीय पहल, समन्वय र सहजीकरणमा बेलीब्रिज निर्माण गरी नाका पूर्ववत रुपमा सञ्चालनमा ल्याउनका लागि कार्य भईरहेको व्यहोरा जानकारी गराउँछौं। नाका सञ्चालनको विषयमा विभिन्न व्यक्ति, संस्था, निकाय, व्यवसायी, सञ्चारकर्मी लगायत सरोकारवालाहरूले यस कार्यालयमा बारम्बार जिज्ञासा राख्ने गरेको र सामाजिक सञ्जालहरूमा विभिन्न व्यक्तिहरूले यस सम्बन्धी सूचना प्रवाह गर्ने गरेको सन्दर्भमा नाका सञ्चालन पूर्व यस कार्यालयबाट सोको जानकारी सहितको सूचना प्रवाह गरिने नै छ। अतः अनाधिकृत व्यक्ति तथा निकायबाट प्राप्त यथेष्ठ पुष्ट्याइँ बिनाका सूचनामा विश्वास नगर्नु/नगराउनु हुन सम्बन्धित सबैमा बिनम्र अनुरोध गरिन्छ।

मितिः २०८२।०९।०६ गते।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी